श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३४ सालको ऐन नं. ८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### वन ऐन, २०१८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: वन ऐन, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "वन (पहिलो संशोधन) ऐन, २०३४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधन: मूल ऐनको दफा २ को खण्ड (ञ) पछि देहायको खण्ड (ट) र (ठ) थपिएका छन्:–

"(ट) "बोझबाहक" भन्नाले गाडा, गाडा तान्ने गोरू वा राँगा, ट्रक, लरी, मोटर, ट्रेक्टर, नाउ, डुङ्गा वा वन पैदावार लादी ल्याउने यस्तै अन्य साधन वा जनावरलाई सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228

(ठ) "औजार" भन्नाले वन क्षेत्रमा आवाद वा खनजोत गर्न प्रयोग गरिने सबै किसिमका कृषि औजार तथा रूख बिरूवा छेक्ने (गर्डलिङ्ग गर्ने), काट्ने, बञ्चरो, आरा आदि औजार सम्झनुपर्छ ।"

३. मूल ऐनमा दफा ३ क. थप: मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थपिएको छ:–

"३क. वन सिमाना छुट्याई चिह्नो लगाउन सूचना गर्नुपर्ने: (१) दफा ३ बमोजिम तोकिएको अधिकारीले कुनै क्षेत्रको सरकारी वनको सिमाना छुट्याई चिह्नो लगाउनको निमित्त सो वन क्षेत्रभित्र कसैको जग्गा रहेछ वा घर, छाप्रो आदि बनेको रहेछ भने त्यसको निस्सा प्रमाण सहित बाटोको म्याद बाहेक दश दिनभित्र उजूर गर्न आउनु भनी सो वन क्षेत्र तथा स्थानीय पञ्चायतमा सूचना टाँस गर्नु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिमको म्यादभित्र कसैको उजूरी नपरेमा तोकिएको अधिकारीले वन सिमाना छुट्याई चिह्नो लगाउनेछ र उजूरी परेमा आवश्यक छानबीन गरी निर्णय गर्नेछ ।

(३) उप-दफा (२) बमोजिम उजूरी परी तोकिएको अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र दफा १५ बमोजिमको समितिमा पुनरावेदन गर्न सक्नेछ ।"

४. मूल ऐनमा दफा ४क. थप: मूल ऐनको दफा ४ पछि देहायको दफा ४क. थपिएको छ:–

"४क. वन सिमाना सम्बन्धमा विवाद उठेमा श्री ५ को सरकारले अधिकारी तोक्न सक्ने: कुनै क्षेत्रको सरकारी वन सिमाना छुट्याई चिह्नो लगाइसकेपछि सो सिमाना सम्बन्धमा विवाद उठेमा त्यसको निर्णय गर्न श्री ५ को सरकारले कुनै अधिकारीलाई तोक्न सक्नेछ ।

५. मूल ऐनको दफा १५ मा संशोधन: मूल ऐनको दफा १५ को उप-दफा (१) को शुरूमा "दफा ३ क." भन्ने शब्द र अङ्क थपिएको छ ।

६. मूल ऐनमा दफा २१ क. थप: मूल ऐनको दफा २१ पछि देहायको दफा २१ क. थपिएको छ:–

"२१.क. सरकारी वन क्षेत्रको जग्गा आवादी वा दर्ता गर्न गराउन नहुने:

(१) वन फँडानी गरी बसोबास गराउने श्री ५ को सरकारको योजना भएकोमा वा श्री ५ को सरकारले अन्यथा आदेश दिएकोमा बाहेक सरकारी वन क्षेत्रको जग्गा, वन सिमाना नलगाइएको भए तापनि वन भएको जग्गा, चारैतिर बनले घेरिएको पर्ति वा बेदर्ता आवादी जग्गा कसैले दर्ता वा आवाद गर्न वा गराउन हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) मा उल्लिखित जग्गाहरू दर्ता गराइएको भए तापनि सो दर्ताको नाताले कसैले त्यस्तो जग्गा दावी गर्न वा आवादी गर्न पाउने छैन र त्यस्तो दर्ता स्वत: बदर हुनेछ ।

(३) उप-दफा (१) मा उल्लिखित जग्गाहरूमध्ये यो दफा प्रारम्भ हुँदाका बखत पर्ति र वन बनेलो कायम रहेका जति जग्गाहरू यो दफा प्रारम्भ हुनुभन्दा अघि दर्ता गराइएको भए तापनि त्यस्तो दर्ता यो दफा प्रारम्भ भएपछि जुनसुकै बखत श्री ५ को सरकारले तोकेको अधिकारीले बदर गर्न सक्नेछ ।"

७. मूल ऐनमा दफा २५क. थप: मूल ऐनको दफा २५ पछि देहायको दफा २५क. थपिएको छ:–

"२५क. वन उद्यान घोषित गर्न सक्ने: श्री ५ को सरकारले कुनै सरकारी वन क्षेत्रलाई वन उद्यान घोषित गर्न सक्नेछ ।"

८. मूल ऐनको परिच्छेद ५ मा संशोधन: मूल ऐनको परिच्छेद ५ को सट्टा देहायको परिच्छेद ५ राखिएको छ:–

"परिच्छेद–५

पञ्चायती वन, पञ्चायत संरक्षित वन, धार्मिक वन र कबुलियती वन

२९. पञ्चायती वन: ग्राम समुदायको हितको निमित्त पर्ति वा पोथा मात्र बाँकी रहेको सरकारी वन क्षेत्र वा त्यसको कुनै भाग पञ्चायतले वृक्षारोपण गरी वन जङ्गल हुर्काउनका लागि श्री ५ को सरकारले तोकेको शर्त र सुविधामा कुनै गाउँ पञ्चायतलाई सुम्पन सक्नेछ र त्यसरी सुम्पिएको वनलाई पञ्चायती वन भनिनेछ ।

२९.क. पञ्चायत संरक्षित वन: कुनै क्षेत्रको सरकारी वन वा त्यसको कुनै भागलाई संरक्षण र सुव्यवस्था गर्नको लागि श्री ५ को सरकारले तोकेको शर्त र सुविधामा कुनै स्थानीय पञ्चायतलाई सुम्पन सक्नेछ र त्यसरी सुम्पिएको वनलाई पञ्चायत संरक्षित वन भनिनेछ ।

२९.ख. धार्मिक वन: कुनै धार्मिक स्थलमा रहेको सरकारी वन वा त्यसको कुनै भागलाई संरक्षण र सुव्यवस्था गर्नको लागि श्री ५ को सरकारले तोकेको शर्त र सुविधामा कुनै धार्मिक संस्थालाई सुम्पन सक्नेछ र त्यसरी सुम्पिएको वनलाई धार्मिक वन भनिनेछ ।

२९.ग. कबुलियती वन: कुनै क्षेत्रको रूख विहीन वा फाटफुट रूख विरूवा भएको सरकारी वन वा त्यसको कुनै भागमा वृक्षारोपण गरी वन जङ्गल हुर्काई वन

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2280

पैदावार उत्पादन तथा उपभोग गर्न श्री ५ को सरकारले तोकेको शर्त र सुविधामा कुनै व्यक्ति वा संस्थालाई कबुलियत गराई सुम्पन सक्नेछ र त्यसरी सुम्पिएको वनलाई कबुलियती वन भनिनेछ ।

२९.घ. श्री ५ को सरकारको स्वामित्व कायम रहने र पुनः आफ्नो अधिनस्थ गराउन सकिनेः

(१) पञ्चायती वन, पञ्चायत संरक्षित वन, धार्मिक वन र कबुलियती वनमा श्री ५ को सरकारको स्वामित्व समाप्त भएको मानिने छैन ।

(२) श्री ५ को सरकारले आवश्यक देखेमा जुनसुकै शर्त र अवस्था तोकिदिएको भए तापनि दफा २९, २९क., २९ख. र २९ग. बमोजिम सुम्पेको वनको सम्बन्धमा दिएको सबै अधिकार रद्द गरी त्यस्तो वन पुनः आफ्नो अधिनस्थ गराउन सक्नेछ ।

(३) दफा २९क., २९ख. र २९ग. बमोजिम सुम्पिएको वनको सम्बन्धमा उक्त दफाहरूबमोजिम तोकिएको शर्त अनुसार काम नगरेको खण्डमा त्यस्तो सुम्पिएको अधिकार श्री ५ को सरकारले रद्द गरी त्यस्तो वन पुनः आफ्नो अधिनस्थ गराउन सक्नेछ ।

तर, शर्त अनुसार काम नगरेको भन्ने निर्णय गर्नुभन्दा पहिले सम्बन्धित पञ्चायत संस्था वा व्यक्तिलाई आफ्नो स्पष्टीकरण दिनबाट वञ्चित गरिने छैन ।"

३०. सरकारी वनका सम्बन्धमा उल्लेख भएका कुराहरू पञ्चायती वनका सम्बन्धमा लागू हुनेः यस परिच्छेद वा दफा ३२ अन्तर्गत बनेको नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक यस ऐनमा सरकारी वनका सम्बन्धमा उल्लेख भएका कुराहरू पञ्चायती वनका सम्बन्धमा पनि लागू हुनेछ ।

३१. मुद्दा हेर्ने अधिकारः पञ्चायती वन र पञ्चायत संरक्षित वन सम्बन्धमा यस ऐन बमोजिम एकसय रूपैयाँसम्म जरीवाना हुने कसूरसम्बन्धी मुद्दा वा एकसय रूपैयाँ-सम्मको विगो भएको मुद्दा हेर्ने अधिकार सम्बन्धित पञ्चायतलाई हुनेछ ।

३१क. असूल भएको विगो पञ्चायत वा कबुलियतवालाले पाउनेः पञ्चायती वन र कबुलियती वन सम्बन्धमा यस ऐनबमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दामा अपराधीबाट असूल भएको बिगो सम्बन्धित पञ्चायत वा कबुलियतवालाले पाउनेछ ।

३२. नियम बनाउने अधिकारः पञ्चायती वन, पञ्चायत संरक्षित वन, धार्मिक वन र कबुलियती वनका सम्बन्धमा देहायका कुराहरूको व्यवस्था गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६१

(क) काठ वा अरू वन पैदावार दिने अवस्था, शर्त, तरीका, अधिकारी, दस्तूर इत्यादि तोक्ने,

(ख) सुविधा, छूट र अनुदान दिने,

(ग) वनमा बीज विरूवा रोप्ने,

(घ) वनको सुरक्षा, सुव्यवस्था र अरू बन्दोबस्त गर्ने ।"

९. मूल ऐनको दफा ३३ मा संशोधन: मूल ऐनको दफा ३३ को सट्टा देहायको दफा ३३ राखिएको छ:–

"३३. वनवाटिका लगाउन अनुमति-पत्र लिनुपर्ने: (१) वनवाटिका लगाउन चाहने व्यक्तिले सम्बन्धित वन डिभिजन कार्यालयबाट अनुमति-पत्र लिनु पर्नेछ ।

तर, आफ्नो जग्गाको घेरोको निमित्त लगाएको वा बीचमा फाटफुट रूपमा लगाएको जुनसुकै जातको रूख, विरूवा र फलफूलको बगैंचाको सम्बन्धमा अनुमति-पत्र लिनु पर्ने छैन ।

(२) यो दफा प्रारम्भ हुनुभन्दा अघि वन डिभिजन कार्यालयलाई सूचना दिई वनवाटिका लगाएको व्यक्तिले पनि यो दफा प्रारम्भ भएको मितिले ६ महीना भित्र सम्बन्धित वन डिभिजन कार्यालयबाट अनुमति-पत्र लिनु पर्नेछ ।

(३) वनवाटिका रूख, विरूवाहरू यस परिच्छेदमा भएको व्यवस्थाको अधीनमा रही वनवाटिकाका धनीले आफूखुशी गर्न सक्नेछ ।"

१०. मूल ऐनमा दफा ३३क. थप: मूल ऐनको दफा ३३ पछि देहायको दफा ३३क. थपिएको छ:–

"३३.क. सुविधाबाट वञ्चित गरिने: दफा ३३ को उप-दफा (१) बमोजिम कसैले अनुमति-पत्र नलिई वनवाटिका लगाएमा वा सोही दफाको उप-दफा (२) बमोजिम कसैले अनुमति-पत्र नलिएमा त्यस्तो व्यक्तिले यस ऐनबमोजिम वनवाटिकाको सम्बन्धमा दिइने सुविधा पाउने छैन ।"

११. मूल ऐनको दफा ३५ मा संशोधन: मूल ऐनको दफा ३५ को सट्टा देहायको दफा ३५ राखिएको छ:–

"३५. वनवाटिका वा वनवाटिकाको पैदावार बिक्री गर्नु परेमा वा वनवाटिका मासी आवादी गर्नु परेमा: (१) कुनै व्यक्तिले आफ्नो वनवाटिका बेचबिखन गर्न वा अरू कुनै प्रकारले हक छाडी दिन चाहेमा वा वनवाटिका मास्न चाहेमा सो कुराको स्वीकृति सम्बन्धित वन डिभिजन कार्यालयबाट लिनु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम स्वीकृति नलिई कसैले आफ्नो वनवाटिकामा हक छोडी दिएमा वा मासेमा त्यस्तो व्यक्तिलाई त्यसरी हक छोडी दिएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६२

वा मासेको जतिको वनवाटिकाको मोल कायम गरी सो मोलको पाँच प्रतिशतसम्म जरीवाना हुनेछ ।

(३) कुनै व्यक्तिले आफ्नो वनवाटिकाको पैदावार बेचबिखन गर्न वा आफ्नै काम-को लागि उपयोग गर्न चाहेमा सो कुराको लिखित सूचना नजीकको वन कार्यालयमा दिनु पर्नेछ ।

(४) अत्यावश्यक दैनिक व्यवहार चलाउनलाई नभई नहुने अवस्था परी सूचना दिन नसकेकोमा बाहेक उप-दफा (३) बमोजिम सूचना नगरी कसैले आफ्नो वनवाटिकाको पैदावार निजी उपयोग गरेमा वा बेचबिखन गरेमा त्यस्तो व्यक्तिलाई सो पैदावारको मोल कायम गरी त्यसको दश प्रतिशतसम्म जरीवाना हुनेछ ।

(५) कुनै व्यक्तिले वनवाटिकाको पैदावार एक ठाउँबाट अर्को ठाउँमा लैजान निस्सा प्रमाण पाउनको निमित्त नजीकको वन कार्यालयमा निवेदन दिनु पर्नेछ र त्यसरी निवेदन परेमा वन कार्यालयले आवश्यक जाँचबुझ गरी निस्सा प्रमाण दिनेछ ।"

१२. मूल ऐनमा दफा ३५क. थप: मूल ऐनको दफा ३५ पछि देहायको दफा ३५क. थपिएको छ:—

"३५.क. वनवाटिकामा प्रवेश गर्ने वा जाँचबुझ गर्न सकिने: कम्तीमा राजपत्र अनङ्कित द्वितीय श्रेणीसम्मको वनअधिकृतले आवश्यक देखेमा कुनै व्यक्तिको वनवाटिकामा प्रवेश गर्न वा जाँचबुझ गर्न सक्नेछ ।"

१३. मूल ऐनमा दफा ३९ क. थप : मूल ऐनको दफा ३९ पछि देहायको दफा ३९क.थपिएको छ :—

"३९क. नियम बनाउने अधिकार : वनवाटिका सम्बन्धमा देहायका कुराहरूको व्यवस्था गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ :—

(क) वनवाटिकाको धनीलाई सुविधा, छूट र प्राविधिक सल्लाह दिने,

(ख) निवेदन र अनुमति-पत्रको ढाँचा तोक्ने,

(ग) वनवाटिकाको सुरक्षा र सुव्यवस्था गर्ने ।"

१४. मूल ऐनमा दफा ४८ क. र ४८ ख. थप : मूल ऐनको दफा ४८ पछि देहायको दफा ४८ क. र ४८ ख. थपिएका छन् :—

"४८क. श्री ५ को सरकार वादी हुने : यस ऐनअन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ।

४८ख. मुद्दाको तहकीकात र दायरी : (१) सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दाको तहकीकात कम्तीमा राजपत्र अनङ्कित द्वितीय श्रेणीसम्मको वनअधिकृतले गर्नेछ र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६३

यस्तो तहकीकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारीसमक्ष सम्बन्धित वन कार्यालयको नामबाट मुद्दा दायर गर्नेछ ।

(२) उप-दफा (१) बमोजिम मुद्दा तहकीकात र दायर गर्दा सम्बन्धित वन अधिकृतले सरकारी वकीलको राय सल्लाह लिन सक्नेछ ।

(३) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दा हेर्ने अधिकारीको सामुन्ने यस ऐनबमोजिम सजाय हुने कसूर भएमा वा कसूरदार हो भन्ने मनासिव शङ्का लागेको व्यक्ति वा त्यस्तो कसूरसित सम्बन्धित वन पैदावार सा बोझवाहक निजले फेला पारेमा वा त्यस्तो कसूरको सम्बन्धमा कसैको उजूरी परेमा निजले आफैं त्यस्तो कसूरको तहकीकात गरी मुद्दा हेर्न सक्नेछ ।"

१५. मूल ऐनको दफा ४९ मा संशोधन : मूल ऐनको दफा ४९ को,–

(१) उप-दफा (१) मा रहेको "कम्तीमा रेञ्जर दर्जासम्मको फरेष्ट अधिकृतले" भन्ने वाक्यांशको सट्टा "कम्तीमा राजपत्र अनङ्कित द्वितीय श्रेणीसम्मको वन अधिकृत वा कम्तीमा सहायक प्रहरी निरीक्षकले" भन्ने वाक्यांश राखिएको छ ।

(२) उप-दफा (५) मा रहेको "अधिकृतलाई" भन्ने शब्दको सट्टा "कर्मचारीलाई" भन्ने शब्द राखिएको छ ।

१६. मूल ऐनको दफा ५२ मा संशोधन : मूल ऐनको दफा ५२ को सट्टा देहायको दफा ५२ राखिएको छ :–

"५२. सडीगली जाने माल वस्तु र चौपाया लीलाम विक्री गर्न सकिने : यस ऐनअन्तर्गत सजाय हुने कसूरमा कब्जा गरिएका सडीगली जाने माल वस्तु र चौपायालाई वन अधिकृतले नजीकको वन कार्यालयमा ल्याई लीलाम बिक्री गर्न सक्नेछ र त्यसरी लीलाम विक्रीबाट आएको रूपैयाँ पछि ठहरेबमोजिम गर्ने गरी धरौटीमा आम्दानी बाँधिनेछ ।

तर माल वस्तु वा चौपायाको धनीले सो माल वस्तु वा चौपाया बापत वनअधिकृतले तोकेको मनासिव माफिकको धरौटी दाखिल गरेमा वनअधिकृतले सो माल वस्तु वा चौपाया निजलाई फिर्ता दिन सक्नेछ ।"

१७. मूल ऐनको दफा ५७ मा संशोधन : मूल ऐनको दफा ५७ को सट्टा देहायको दफा ५७ राखिएको छ :–

"५७. कब्जा गरिएको माल वस्तु जफत हुने : यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिम सजाय हुने कसूर गरेको ठहरिएमा दफा २७ को उप-दफा (१) को खण्ड (ग) बाहेक अरू कसूरमा कब्जा भाका सबै बोझवाहक, औजार, चौपाया र अन्य साधनहरू जफत हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2208

तर, पाँच हजार रूपैयाँभन्दा कम्ती मोल पर्ने बिगोको वन पैदावार लादी ल्याएको ट्रेक्टर, ट्रक, लरी, मोटर र गाडाको हकमा त्यस्तो ट्रेक्टर, ट्रक, लरी, मोटर र गाडा जफत नभई अन्य दफाहरूअन्तर्गत हुने सजायमा पाँच सय रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म थप जरीवाना हुनेछ ।"

१८. मूल ऐनको दफा ५८ मा संशोधन : मूल ऐनको दफा ५८ को सट्टा देहायको दफा ५८ राखिएको छ :–

"५८. दफा ५१ देखि ५४ सम्मको अधिकार स्थानीय पञ्चायतलाई सुम्पन सकिने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी दफा ५१ देखि ५४ सम्मको वन अधिकृतलाई प्राप्त भएको सबै वा केही अधिकार पञ्चायती वन र पञ्चायत संरक्षित वनसम्बन्धी कसूरका हकमा सम्बन्धित स्थानीय पञ्चायतलाई सुम्पन सक्नेछ ।"

१९. रूपान्तर : मूल ऐनमा "फरेष्ट अधिकृत" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "वन अधिकृत" भन्ने शब्दहरू राखिएका छन् ।

लालमोहर सदर मिति :– २०३४।५।२२।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।